# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्ड- १ संख्या- ७० मितिः २०७९/०३/३१

## भाग-२

## भरतपुर महानगरपालिका खानेपानी महसुलमा छुट सम्बन्धी कार्यविधि, २०७९

भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय,

भरतपुर, चितवन

वागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिका खानेपानी महसुलमा छुट सम्बन्धी कार्यविधि, २०७९

पारित मिति २०७९/०३/२९
प्रमाणिकरण मिति २०७९/०३/३१

प्रस्तावना : भरतपुर महानगर क्षेत्र भित्र खानेपानी व्यवस्थापन बोर्ड वा अन्य उपभोक्ता समितिमार्फत वितरण भएका खानेपानीका उपभोक्ताहरुलाई स्वच्छ सफा खानेपानी सहुलियत रूपमा प्रदान गर्न वान्छनीय भएकोले भरतपुर महानगरपालिकाको "वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन २०७६" को दफा ३७ को उपदफा ३ मा "आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान,अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ" उल्लेख भएकाले यसै दफाले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाबाट " खानेपानी महसुलमा छुट सम्बन्धी कार्यविधि, २०७९" जारी गरिएको छ ।

१ .संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "खानेपानी महसुलमा छुट सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकबाट स्विकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "खानेपानी" भन्नाले भरतपुर महानगरभित्रमा खानेपानी व्यवस्थापन बोर्ड वा अन्य खानेपानी उपभोक्ता समितिमार्फत वितरण भएको स्वच्छ, सफा खानेपानी सम्झनुपर्छ।

(ख) "लाभग्राही" भन्नाले भरतपुर महानगरभित्रमा खानेपानी व्यवस्थापन बोर्ड वा अन्य खानेपानी उपभोक्ता समितिमार्फत उपलब्ध गराइएको खानेपानी उपभोग गर्ने उपभोक्ताहरूलाई सम्झनुपर्छ ।

(ग) "महसुल" भन्नाले धाराको सुविधा उपभोग गरे वापत उपभोक्ताले बुझाउनु पर्ने खानेपानी सेवा महसुल सम्झनु पर्छ ।

(घ) "बोर्ड" भन्नाले भरतपुर खानेपानी व्यवस्थापन बोर्डलाई सम्झनुपर्छ।

(ङ) "उपभोक्ता संस्था/समिति" भन्नाले प्रचलित कानून बमोजिम गठित खानेपानी उपभोक्ता संस्था/समितिलाई सम्झनु पर्दछ ।

(च) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनुपर्छ ।

३. मीटर जडान भएको हुनुपर्ने : यस कार्यविधि बमोजिमको महसुल छुट लिने उपभोक्ताले अनिवार्य तवरले मिटर जडान गरेको र चालु अवस्थामा भएको हुनुपर्नेछ ।

४. महसुल दर : (१) महानगरपालिकाभित्रका खानेपानी व्यवस्थापन बोर्ड वा अन्य उपभोक्ता समितिमार्फत वितरण भएका खानेपानीको लागि महसुल दर सम्बन्धित बोर्ड वा उपभोक्ता समितिले तोकी आए बमोजिम कै हुनेछ ।

नगर प्रमुख

CamScanner

५. खानेपानी महशुलमा सहुलियत दिने: (१) भरतपुर महानगरपालिकाभित्र खानेपानी व्यवस्थापन बोर्ड वा अन्य उपभोक्ता समितिमार्फत वितरण भएका खानेपानीका लाभग्राहीहरुले मासिक सात हजार लिटर वा सो भन्दा कम मात्रा खानेपानी उपयोग गरेमा सात युनिट सम्मको खानेपानी महशुल महानगरपालिकाले बोर्ड वा उपभोक्ता समितिलाई भुक्तानी दिनेछ ।

(२) मासिक सात हजार लिटर वा सात युनिट भन्दा बढि खानेपानी उपभोग गर्ने लाभग्राहीले भने तिर्नुपर्ने सबै खानेपानी महशुल उपभोक्ता स्वयमले तिर्नु पर्नेछ ।

(३) ७ हजार भन्दा बढी युनिट खानेपानी उपयोग गर्ने उपभोक्ताहरुको हकमा अन्य सहुलियतको व्यवस्था गरिएको छैन ।

६. माग दावी गर्नु पर्ने (१) दफा ५ बमोजिम मासिक सात हजार लिटर वा सात युनिट भन्दा कम खानेपानी उपभोग गर्ने लाभग्राहीहरुको सूची र बिल सम्लग्न राखी खानेपानी व्यवस्थापन वोर्ड वा उपभोक्ता समितिले मासिक रुपमा महानगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।यसरी माग भइ आएको बिलउपर आवश्यक छानविन गरी महानगरपालिकाले भुक्तानी दिनेछ ।

(२) सहुलियत महशुल भुक्तानी प्रकृयाका सम्बन्धमा भरतपुर महानगरपालिका र खानेपानी व्यवस्थापन वोर्ड वा सम्बन्धीत उपभोक्ता समिति बीच एक छुट्टै समझौता गरी सोही सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

७. बाधा अड्काउः यस कार्यविधि सम्बन्धी कुनै दुविधा भएमा सो को व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार महानगरपालिका नगर कार्यपालिकालाइ हुनेछ ।

CamScanner